# चन्द्रागिरि नगरपालिका न्यायिक समिति

चन्द्रागिरि नगरपालिका न्यायिक समिति

**बलम्बु, काठमाडौं, बागमति, प्रदेश**

संयोजक : श्री लिशा नकर्मी

सदस्य : श्री माधवकुमार के.सी.

सदस्य : श्री सुरेन्द्र के.सी.

**बाट भएको निर्णय**

| निवेदक/वादीको नाम, थर, ठेगाना | विपक्षी/प्रतिवादीको नाम, थर, ठेगाना |
|---|---|
| रुद्रबहादुर महतको नाति, राम महतको छोरा चन्द्रागिरि नगरपालिका वडा नं. ७ बस्ने वर्ष ४२ को देवेन्द्र महत ......................................१ | रुद्रबहादुर महतको नाति गोपाल महतको छोरा चन्द्रागिरि नगरपालिका वडा नं. ७ वस्ने वर्ष ४० को ज्ञानेन्द्र महत ......................................१ |
| रुद्रबहादुर महतको नाति, राम महतको छोरा चन्द्रागिरि नगरपालिका वडा नं. ७ बस्ने वर्ष ४२ को हरिशरण महत ......................................१ | खड्गबहादुर महतको नाति रुद्रबहादुर महतको छोरा च.न.पा. वडा नं. ७ बस्ने वर्ष ६१ को राजेन्द्रबहादुर महत ......................................१ |

| वादीको साक्षी | प्रतिवादीको साक्षी |
|---|---|
| | क) |

| कागज प्रमाण | कागज प्रमाण |
|---|---|
| क) नागरिकताको फोटोकपी थान .............. २ | क) बाटोको स्थलगत फोटो थान ................. ८ |
| ख) नक्साको फोटोकपी थान...................... १ | ख) नक्साको फोटोकपी थान ....................... २ |
| | ग) बैठक पुस्तिकाको फोटोकपी थान .............१४ |
| | घ) मिति २०७६/०१/०८ को निवेदन फोटोकपी थान ............................................ ४ |
| | ङ) मिति २०७५/०१/१९ को निवेदन फोटोकपी थान............................................ २ |
| | च) नागरिकताको फोटोकपी थान.................. २ |

न्यायिक समितिबाट बुझेको साक्षी ................

**मुद्दा : सार्वजनिक बाटो आवागमन अवरोधमा प्रहरी समेतको उपस्थितिमा खुलाई हामी जनतालाई न्याय पाउँ ।**

**मु.नं. : ०१/१५**

**<u>वादीको दावीको संक्षिप्त व्यहोरा</u> :**

कित्ता नं. ५०, ४१८ र ४३६ जग्गाबाट आवत जावतको लागि महाँकाल मार्गमा पर्ने विवादित कि.नं. ५०, ४१८ र ४३६ को बीचमा आपसी विवाद चुलिदै जाँदा पटक पटक वडा अध्यक्षज्यू सहित सबै गाउँलेहरुको उपस्थितिमा अमिन भिकाई तीन वटै जग्गाको सिमान यकिन गरी चार किल्ला छुट्याउ र बाटोको अबरोध पनि हटाउ भन्दा कि.न. ४३६ र ५० का जग्गा धनिले जग्गा पनि ननाप्ने बाटोको अबरोध पनि नखुलाउने आ-आफ्नो साँध सिमाना नापजाँच गरी चाल किल्ला छुट्याई बाटोको सिमाना एकिन गराइ बाटोको अवरोध हटाई ढल समेत हाल्न पाउँ भन्ने माग दावी रहेको देखिन्छ ।

**<u>प्रतिवादीको प्रतिदावीको संक्षिप्त व्यहोरा</u> :**

१) कि.नं. ५० को जग्गा बाउ बाजेको पालादेखि नै भोकचलन गर्दै मालपोत समेत तिरिराखिएका छौं सो जग्गाको जग्गाधनि मेरो छोरा कपिन्द्र महतको नाममा दर्ता कायम रहेको छ । मिति २०६० सालमा चाँपाको बोटदेखि संसारी मन्दिरको छेउसम्म (महाँकाल मार्ग) भएको सानो गोरेटोलाई समझदारीमा सिधा बाटोमा १२ फुट, मोडमा १४ फुट हुने निर्णय भएपछि व्यवहारिक रुपमा नाली निकासाको लागि सिधा बाटोमा १४ फुट र मोडमा १६ फुटको बाटो बनाउने भनि सोही अनुरुप दुबै तर्फ सिधा बाटोमा ७/७ फुट र मोडमा ८/८ फुट लिने मौखिक समझदारी भएसँगै सो बाटो १४ र १६ फिटे बाटो उपभोक्ता समितिका अध्यक्ष कृष्णबहादुर थापाको अध्यक्षतामा सहमति अनुसार नै खोलियो भने महादेवस्थान गा.वि.स बाट बजेट विनियोजन भएको थियो ।

२) सोहि बाटोमा गा.वि.स, नगरपालिका, वडा कार्यालय र जि.वि.स बाट समेत बजेट बिनियोजन हुँदै निर्माण कार्य हालसम्म पनि भईरहेको छ । आधाजति बाटो ढलान कार्य भैसकेको र केही बाँकी रहेको छ । २०६९ सालमा उपभोक्ता समितिका अध्यक्ष कृष्णबहादुर थापा हटी कि.नं ४१८ उजुरीकर्ताको भई हरिशरण महत उपभोक्ता समितिको अध्यक्ष बन्नु भयो भने उजुरीकर्ता देवेन्द्र महत ढल निर्माण समितिको अध्यक्ष दुबै दाजुभाइ रहेको यस बाटोको निर्माण कार्य गर्दा आफ्नो जग्गा भन्दा बहिरको जग्गामा सहमति अनुसारको निर्माण कार्य गराएको कि.नं. ४१८ छोएपछि बाटो साँधुरो बनाई पुरानो पर्खाल भत्काई बाटो मिचेर नयाँ पर्खाल बनाएकोमा स्थानीयको विरोध सहित वडा सदस्य महावीर खड्काको नेतृत्वमा वडा कार्यालयमा पत्राचारपछि वडा अध्यक्ष शम्भु के.सी. द्वारा साविकै ठाउँमा किलो गाडिदिनुभएको थियो । आ.व. ०७५/०७६ को वडाको बजेटबाटै बाटो साँधुरो बनाई पर्खाल लगाए ।

३) बारिको डिलडिलबाट हिड्ने गरिएको गोरेटो बाटोलाई नै आधार बनाई मिति २०६० सालमा सबैको समझदारी अनुसार बाटो खोलिएको हो । त्यस समयमा कि.नं ५०, ४१८ र ४३६ वीच कुनै चार किल्लाको प्रश्न तथा सिमाना विवाद उठेको थिएन । त्यहि ठाउँमा बाटो खोल्नलाई म र मेरो परिवार पूर्णरुपमा सहमति छ । हाल मैले नै एकतर्फी रुपमा कि.नं ५० बाटै सिधामा ७ र मोडमा ८ फिट छोडेको छु भन्ने प्रतिउत्तर जिकिर रहेको देखिन्छ ।

**वादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण**

कि.नं. ५०, ४१८ र ४३६ को बिच भएर जाने महाँकाल मार्गको अवरोध हटाई बाटो सुचारु गर्नु पर्ने देखिन्छ ।

**प्रतिवादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण**

महाँकाल मार्ग ढल तथा बाटो निर्माण समितिको पटक पटक गरेको निर्णयलाई हेर्दा साविकमा रहेको सानो गोरेटो बाटो आपसी सहमतीबाट सिधा १४ फिट र मोडमा १६ फिट फराकिलो बनाई बाटो तथा ढल निर्माण गरेको देखिन्छ ।

**दुवै पक्षबाट उपस्थित भएका कानुन व्यवसायीको बहसको मुख्य बुँदा :**

दुवै पक्षले कानुन व्यवसायी राखेका छैनन् ।

**दुवै पक्ष बिचमा फरक परेको विषय**

दुवै पक्षको विचमा बाटोको लम्बाई, चौडाइ र अवरोध तथा जग्गाको यकिन क्षेत्रफल के कति हो ? भन्ने कुरामा मुख नमिलेको देखिन आयो ।

## निर्णय खण्ड

प्रस्तुत विवादित विषयमा जग्गाको क्षेत्रफल सार्वजनिक बाटोको एकिन सिमाना पक्षहरू बीच मुख मिलेको नदेखिदा साविक देखिको सार्वजनिक बाटो तथा विवादित कि.नं. ५०, ४१८ र ४३६ जग्गाको हाल कायम क्षेत्रफल समेत एकिन गरी उजुरी माग बमोजिम सार्वजनिक बाटोको अवरोध समाधान गर्नुपर्ने हो होइन भनि निर्णय दिनुपर्ने देखिन आयो । प्रस्तुत विवाद स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा (१) को देहाय (ठ) बमोजिम यसै न्यायिक समितिको क्षेत्राधिकार भित्र रहेकोमा उक्त कानुनी व्यवस्था अनुसार प्रस्तुत मुद्दामा मेलमिलापको प्रकृया समेत अबलम्बन गरी निरुपण गर्नुपर्ने हुन आएकोमा पक्षहरूलाई मेलमिलापको लागि प्रेरित गरी पटक पटक छलफल गर्दा समेत सहमति भई मेलमिलाप हुन नसकेको हुँदा पक्षहरू बीच एकआपसमा मेलमिलापको लागि पटक पटक माग गरे अनुसारको समय उपलब्ध गराउदा मेलमिलापको वातावरण समेत तयार हुन नसकेको देखिदा सार्वजनिक बाटोको हकमा उजुरीकर्ता वादी हरिशरण महत उपभोक्ता समितिको अध्यक्ष र देवेन्द्र महत ढल निर्माण समितिको अध्यक्ष दुबै दाजुभाई आफै भिन्न भिन्न समितिको अध्यक्ष भई विभिन्न सरकारी निकायबाट बजेट विनियोजन भई बाटो तथा ढल निर्माण हुँदै आईरहेको देखिदा विवादित कि.नं. ५०, ४१८ र ४३६ बाट महाँकाल मार्ग भएर जाने गोरेटो बाटोलाई

समाजमा विपतको समयमा सहज रुपमा आवतजावत निकासको लागि मिति २०६९/१०/०६, २०७४/१२/३०, २०७५/०१/११ र २०७५/११/०१ को निर्णय बैठक पुस्तिका, मिति २०७६/०१/०८ को बाटो खुलाई दिने सम्बन्धमा ७ नं. वडा कार्यालयमा दर्ता गरेको निवेदन तथा बाटो तथा ढल निर्माण सम्झौता गर्न सिफारिका साथै रकम निकासा गर्ने सिफारिसको आधारमा एकपटक बाटोको रुपमा प्रयोग गर्न नरोकी प्रयोग गर्न आफैं उपभोक्ता समितिको अध्यक्ष भई सिधा बाटोमा १४ फुट र मोडमा १६ फुटको बाटो बनाउने लिखित निर्णय गराई कि.नं. ५०, ४१८ र ४३६ जग्गामा पर्ने बाटो आफ्नै अध्यक्षतामा गरेको निर्णय अनुसार बाटोको सिमाना कायम नराख्न पनि नमिल्ने हुनाले मुलुकी देवानी संहिता, २०७४ को दफा २९९ र ३०० बमोजिम स्थानीयले जुनसहमति अनुरुपमा भोग गरिरहेको बाटो हो सोहि रुपले बाटो प्रयोग गर्न पाउने तर कसैले पनि अतिक्रमण गर्न पाउने कानुनी व्यवस्था नहुँदा बाटो यथावत कायम गरांउनु पर्ने देखिदा बाटोमा भएको अवरोध तत्काल हटाई उजुरी मागदावी बमोजिम बाटो कायम गराई दिने निर्णय गरियो ।

**तपसिल खण्ड**

(क) माथिको निर्णय खण्डमा कि.नं. ५०, ४१८ र ४३६ जग्गाको विच भएर महाँकाल मार्ग जाने बाटोको अवरोध तत्काल वडा प्रतिनिधी र प्रहरी समेतको उपस्थितिमा हटाई बाटो आवागमन नियमित सुचारु गर्नु गराउनु ।..............................................................................................................१

(ख) सरोकारवालाले नक्कल मागगरेमा नियमानुसार दिनु । ..................................................२

(ग) यस निर्णयको विद्युतिय प्रति अपलोड गरी सोको निस्सा निर्णयको पिठमा जनाई प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियम अनुसार अभिलेख शाखामा बुझाईदिनु । ..................................३

**न्यायिक समितिका**

संयोजक श्री लिशा नकर्मी

**सदस्य**

श्री माधवकुमार के.सी.

**सदस्य**

श्री सुरेन्द्र के.सी.

**निर्णय तयार गर्न सहयोग पुऱ्याउने**

चिरञ्जीवी खड्का

**कानुनी सहजकर्ता**

निरञ्जन गोपाल बर्तौला शर्मा

इति सम्वत् मिति २०७८ साल मंसिर महिना ०९ गते रोज ५ शुभम् ..................................................